# सिभिल लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

**CIVIL LAGHUBITTA BITTIYA SANSTHA LIMITED**

(A subsidiary company of Civil Bank Limited)

*Reg.No.: 1287/067/068*

**Head Office:**
Chabahil-7, Kathmandu, Nepal
Phone: 977-1-4571438, 4574202
E-mail: info@civillaghubitta.com.np
Web.: www.civillaghubitta.com.np


# UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

## As at 3rd Quarter (2076/12/30) of the Fiscal Year 2076/77

(NPR in '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1,366,645** | **1,321,835** | **915,534** |
| 1.1 | Paid-up Capital | 114,114 | 114,114 | 114,114 |
| 1.2 | Reserves and Surplus | 38,496 | 35,953 | 16,504 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 734,435 | 744,810 | 496,531 |
| **1.5** | **Deposits (a+b)** | **384,297** | **350,358** | **235,210** |
| | a. Domestic Currency | 384,297 | 350,358 | 235,210 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 5,436 | 4,314 | 4,986 |
| 1.7 | Other Liabilities | 89,867 | 72,287 | 48,189 |
| 2 | Total Assets (2.1 to 2.7) | 1,366,645 | 1,321,835 | 915,534 |
| 2.1 | Cash & Bank Balance | 57,018 | 105,740 | 16,282 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | - | - | - |
| 2.4 | Loans & Advances | 1,254,066 | 1,176,670 | 876,035 |
| 2.5 | Fixed Assets | 20,182 | 17,960 | 12,044 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 35,379 | 21,464 | 11,172 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter Ending** | **Up to Previous Quarter Ending** | **Up to Corresponding Previous Year Quarter Eanding** |
| 3.1 | Interest income | 137,350 | 96,576 | 88,608 |
| 3.2 | Interest Expense | 78,125 | 50,887 | 43,369 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **59,224** | **45,689** | **45,239** |
| 3.3 | Fees Commission and Discount | 721 | 526 | - |
| 3.4 | Other Operating Income | 29,795 | 20,203 | 20,849 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **89,740** | **66,418** | **66,088** |
| 3.6 | Staff Expenses | 45,876 | 31,703 | 26,693 |
| 3.7 | Other Operating Expenses | 22,478 | 15,001 | 13,808 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **21,386** | **19,714** | **25,587** |
| 3.8 | Provision for Possible Loss | 12,068 | 10,892 | 7,304 |
| **D** | **Operating profit (C-3.8)** | **9,318** | **8,821** | **18,283** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 1,067 | 1,067 | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 9,548 | 5,931 | - |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **19,933** | **15,819** | **18,283** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **19,933** | **15,819** | **18,283** |
| 3.12 | Provision For Staff Bonus | 1,812 | 1,438 | 1,662 |
| 3.13 | Provision For Tax | 5,436 | 4,314 | 4,986 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **12,685** | **10,066** | **11,635** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 10.93% | 11.75% | 15.66% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.66% | 3.00% | 1.29% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 61.06% | 64.49% | 140.44% |
| 4.4 | Cost of Funds | 10.14% | 10.62% | 10.93% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 233.57% | 235.13% | 250.78% |

Note: 1. Civil Laghubitta Bittiya Sanstha's accounts of Chaitra End 2076 have been certified by the Company's Internal Auditor, which could be changed if the statutory auditor / supervisory authority notify and remarks to chage the unaudited financial statements.

2. Bonus share as proposed by orgination is under consideration from the regulating Authority and therefore not disclosed herein

| Interest Rate : | |
|---|---|
| 1. Deposit : 5% - 8.91% | 2. Loan & Advance : 12% - 19% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित

# आ.व. २०७६/७७ को तेश्रो त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण** :

(क) यस सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको यस त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसैसाथ प्रकाशित गरिएको छ। यो वित्तीय संस्था सिभिल बैंक लिमिटेडको सहायक कम्पनी हो जसको यसमा कुल ५१ प्रतिशत शेयर स्वामित्व रहेको छ। यस वित्तीय संस्थाको सिभिल बैंक लि. सँगको सम्बन्धित पक्ष बीचका कारोबार निम्न बमोजिम रहेको छ।

| क्र.स. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | सिभिल बैंक लिमिटेडको लगानी | ५,८१,९८,१४० |
| २ | सिभिल बैंक लिमिटेडबाट लिएको सापटी | २५,१८,११,८३१ |
| ३ | सिभिल बैंक लिमिटेडलाई गरेको ब्याज भुक्तानी | २,२१,८७३६७ |
| ४ | सिभिल बैंक लिमिटेडमा रहेको मौज्दात | ६,७१,४१० |

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी अनुपात (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १४.८२ | ७०.३१ | १२३.६० | ११९७.६१ | १४.८४% |

**२. व्यवस्थापकीय विश्लेषण** :

(क) त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको आम्दानी, मौज्दात र तरलतामा वित्तीय संस्थाले अनुमान गरे अनुरुप वृद्धि भएको छ। हालसम्मको अवस्थालाई हेर्दा यस वित्तीय संस्थाको सम्पूर्ण वित्तीय स्थिति निर्धारित योजना अनुरुप नै रहेको र यस वित्तीय संस्थाले निर्धारण गरिएका लक्ष्य अनुरुप नै सदस्य तथा कर्जा लगानीमा भएको बृद्धि, आम्दानीमा बृद्धि र सेवामा विविधीकरण गरि गुणस्तरीय सेवा प्रदान गरेको आदि कारणले गर्दा अनुमान गरे अनुरुप नै प्रगति सन्तोषजनक रहेको छ।

(ख) राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले संख्यात्मक बृद्धिभन्दा पनि गुणात्मक बृद्धिलाई आफ्नो प्रमुख लक्ष्यका रुपमा अगाडि सारेको छ। फलस्वरुप हालसम्म ४८ वटा शाखा कार्यालयहरु मार्फत ग्राहक सदस्यहरुलाई गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको छ। साथै लघुवित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पँहुच कम भएका स्थानहरुमा आफ्नो कार्यक्रम विस्तार गर्दै लाने यस वित्तीय संस्थाको भावी योजना अनुरुप निकट भविष्यमै थप शाखाहरु विस्तार गर्दै अगाडि बढ्ने लक्ष्यका साथ कार्य भैरहेको छ।

(ग) विगतको अनुभवबाट यस वित्तीय संस्थाले विकास गरेका सेवामुखी सुविधाहरु तथा ग्राहक सदस्यहरुले वित्तीय संस्थाप्रति देखाएको सहभागिता र उत्साहले नै हालसम्म यस वित्तीय संस्थालाई आफ्नो कार्यक्रम विस्तार गर्न सफलता प्राप्त भएको छ। जसको कारण यस वित्तीय संस्थाको आम्दानी बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त रहेको छ। विपन्न वर्ग कर्जामा भएको ब्याजदर बृद्धिका साथै लगानी हुने कर्जाको ब्याजदरमा भएको परिवर्तनलाई समयोचित व्यवस्थापन गर्दै कार्यक्रम अगाडि बढाउने नीति लिइएको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) त्रैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क) सेयर कारोवार धितोपत्र बजारबाट निर्देशित हुने हुँदा व्यवसायको बृद्धि संगै कारोवार मूल्य सकारात्मकता तर्फ उन्मुख हुनु स्वाभाविक हो। राजनैतिक अवस्था, नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति तथा अन्य कारणहरुको असर स्वरुप मूल्यमा उतार चढाव आएता पनि हालसम्मको कारोवार सन्तोषजनक रहेको छ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेबसाइट अनुसार त्रैमासिक अवधिमा यस संस्थाको सेयरको कारोवार निम्नअनुसारले भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १५४९ | ८०० | १०४२ | ४६ | २४८७ |

**५. समस्या तथा चुनौती** :

(क) विश्वव्यापी महामारीको रुपमा फैलिदै रहेको कोरोना भाइरसको नकारात्मक प्रभाव र राज्यले अवलम्वन गरेको लकडाउन नीतिले ग्रामिण क्षेत्रमा नियमित वित्तीय कारोवारहरु हुन नसकिरहेको अवस्थामा आगामी दिनमा लघुवित्त कार्यक्रमलाई पहिलेकै अवस्थामा संचालन गर्न र थप कार्यक्रमहरु विस्तार गरी अघि बढ्न चुनौतीपूर्ण हुने देखिएको छ।

(ख) लगानीमैत्री वातावरणको अभाव, दक्ष जनशक्तिको अभाव तथा नीतिगत परिवर्तनबाट समस्या सृजना हुन सक्ने।

(ग) दुर्गम स्थानहरुमा कार्यक्रम विस्तार गर्न आवश्यक रहने पूर्वाधार, सूचना प्रविधि आदिको अभावको कारण त्यस्ता स्थानहरुमा उल्लेख्य मात्रामा कार्यक्रम विस्तार गर्न नसकिएको।

(घ) अप्रत्याशित रुपमा आई पर्ने प्राकृतिक दैवि विपत्तिबाट सृजना हुने परिस्थितिबाट हुनसक्ने चुनौती।

(ङ) यस क्षेत्रमा देखिएको बढ्दो प्रतिस्पर्धा चुनौतिपूर्ण रहेको।

(च) कोष लागतका साथै संचालन खर्चमा हुने वृद्धि।

**६. संस्थागत सुशासन** :

यस वित्तीय संस्थाले विद्यमान ऐन कानुन तथा नीति नियम र नियमनकारी निकायहरुबाट प्राप्त निर्देशनहरु पालना गर्दै संस्थागत सुशासनका लागि सदैव प्रतिबद्ध रहेको छ। साथै वित्तीय संस्थाका शेयरधनिहरु प्रति वित्तीय संस्थाको संचालक समिति पूर्ण रुपमा जवाफदेही र उत्तरदायी रहेको छ। नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था संचालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षकले दिएको सुझाव वमोजिम कार्यान्वयन गर्दै आएको छ। लगानीमा सम्भावित हानीनोक्सानी वापतको व्यवस्था तथा सदस्यहरुलाई अप्ठ्यारो परेको बेला सहयोग पुर्‍याउने उद्देश्यले स्थापित ग्राहक सुरक्षण कोषको व्यवस्था गरिएको छ। यस वित्तीय संस्थाको संचालक समितिले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन विभिन्न उपसमितिहरु गठन गरि कार्य संचालन गर्दै आएको छ। आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय-समयमा हुने निरिक्षणबाट प्राप्त सुझावहरुको पूर्णपालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालक समिति कटिवद्ध रहेअनुसार कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरि लागू गरिएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारी लुकाइएको छैन।